# गर्भावस्थामा अल्ट्रासाउन्ड स्क्यान

तपाईँको प्रसवपूर्व सेवाकै रुपमा, तपाईँलाई दुइवटा अल्ट्रासाउन्ड स्क्रीनिङ जाँचहरू गर्न लगाइन्छ। यो जाँच गराउने या नगराउने तपाईँले रोज्न सक्नुहुनेछ। आफ्नो निर्णय लिनुभन्दा पहिला कृपया यो पर्चा पढ्नुहोस्।

यो गर्भवती महिलाहरूका लागि निम्नअनुसार जानकारी प्रदान गर्ने पर्चा हो:

- जाँचहरू के के हुन्;
- यिनिहरू किन गरिन्छन्; तथा
- यिनिहरू कहिले गरिन्छन्।

स्क्यान भनेको तपाईँको गर्भावस्थामा हुने सम्भावित समस्याहरूबारे पत्ता लगाउने उपाय हो। यो एउटा स्क्रीनिङ जाँच हो। अर्थात यसबाट कुनै समस्याहरू देखिनसक्छ जसलाई त्यसपछि अन्य जाँचहरूद्वारा पक्का गर्नुपर्दछ। स्क्यानले सबै समस्याहरूको पत्ता लगाउन सक्दैन।

## अल्ट्रासाउन्ड स्क्यान भनेको के हो?

एउटा अल्ट्रासाउन्ड उपकरणले ध्वनि तरंगहरूको प्रयोग गरेर कम्प्यूटर स्क्रीनमा चित्र देखाउँछ।

स्क्यान गर्ने व्यक्तिलाई सोनोग्रफर भनिन्छ। सोनोग्रफरले तपाईँको एपोइन्टमन्टको समयमा स्क्यानका बारेमा बताउनेछन्।

## स्क्यानको व्यवस्था कसरी गरिन्छ?

यदि तपाईँले स्क्यान गराउने निर्णय गरेमा, तपाईँको मिडवाइफले कहाँ गर्न सकिनेछ भनेर तपाईँलाई बताउनेछिन् साथै तपाईँको लागि एपोइन्टमन्ट पनि मिलाईदिनेछिन्।

तपाईँको एपोइन्टमन्ट मिलाईसकेपछि तपाईँले स्क्यान नगराउने विचार गर्नुभएमा, कृपया आफ्नो मिडवाइफलाई भनेर एपोइन्टमन्ट रद्द गराउनुहोस्।

Information for Women

© Public Health Wales

## स्क्यान कसरी गरिन्छ?

स्क्यान गराउँदा तपाईँको मूत्राशय पूर्णतया खाली नभएको अवस्थामा मात्र सोनोग्रफरले तपाईँको शिशुको स्पष्ट चित्र निकाल्न सक्नेछन्। तपाईँको एपोइन्टमन्टको समयमा एक घण्टासम्म पिसाप नगर्ने प्रयास गर्नुहोस्।

सोनोग्रफरले स्क्रीनमा तपाईँको शिशुलाई स्पष्ट देख्नलाई, स्क्यान हल्का उज्यालो कोठामा गरिन्छ। स्क्यानमा निकै एकाग्रताको जरुरत पर्ने हुनाले कोठालाई शान्त पनि राखिन्छ। सोनोग्रफरले उनीहरूले के गर्दैछन् र के पत्ता लगाउन खोज्दैछन् भनेर तपाईँलाई बताउनेछन्।

तपाईँलाई स्क्यान गराउँदा उत्तानो ढल्किन लगाइन्छ। तपाईँले स्क्यान गराउँदा कुनै विशेष खाले पहिरनहरू लगाउनुपर्दैन। तैपनि, तपाईँलाई शरीरको माथिल्लो लुगाहरू छातीसम्म र स्कर्ट या पतलुनलाई कम्मरसम्म तान्न लगाइन्छ। ट्रान्सड्यूसर भनिने एउटा उपकरणलाई पेटमा अघिपछि सार्न सकिने होस् भनेर तपाईँको तल्लो पेटमा एउटा मल्हम लगाइन्छ। अल्ट्रासाउन्ड तरंगहरू हावाबाट नसर्ने हुनाले जेलले गर्दा तपाईँको त्वचा र ट्रान्सड्यूसरवीच राम्रो सम्पर्क कायम हुनेछ। टिस्यू पेपरको सहायताले मल्हम लाग्नबाट तपाईँको कपडाको सुरक्षा गरिन्छ।

ट्रान्सड्यूसरले तपाईँको पेटदेखि गर्भाशयसम्म ध्वनि तरंग पठाउँछ। उक्त ध्वनि तरंगहरू शिशुबाट पून फर्केर स्क्रीनमा आउँदा चित्र बनिन्छ।

अल्ट्रासाउन्ड स्क्यान सरल र पीडारहित हुन्छ। तपाईँको शिशुलाई राम्रोसित हेर्नलाई सोनोग्रफरले तपाईँको पेटमा थिच्नु पर्नसक्छ।

## के स्क्यानहरू सुरक्षित हुन्छन्?

हामीलाई थाहा भएसम्म, हामीले उपलब्ध गर्ने अर्लि प्रेगनन्सि डेटिङ स्क्यान र फिटल अनमलि स्क्यान आमा र शिशु दुवैका लागि सुरक्षित छन्।

Information for Women

© Public Health Wales

## अर्लि प्रेगनन्सि स्क्यान र फिटल अनमलि स्क्यान गराउँदा के के फाइदाहरू हुन्छन्?

अर्लि प्रेगनन्सि स्क्यानद्वारा तपाईँको शिशुको हृदय चलेको र तपाईँ कति महिनाको गर्भवती हुनुहुन्छ भन्ने कुराको पुष्टि हुन्छ। स्क्यानद्वारा तपाईँको पेटमा एकभन्दा बढी शिशुहरू छन् भने पनि पत्ता लाग्नेछ जसले गर्दा तपाईँको मिडवाइफहरू र चिकित्सकले तपाईँको हेरचाहको योजना बनाउन सक्नेछन्।

स्क्यानद्वारा शिशु जन्मनुभन्दा पहिलानै समस्याहरूको पत्ता लाग्नसक्छ। जन्मपूर्व कुनै समस्याबारे पत्ता लगाउनाले तपाईँ र तपाईँको पार्टनरलाई यसका लागि तयार रहनमा मद्दत गर्नसक्छ। कहिलेकाहीँ यसबाट शिशुको जन्म भइसकेपछि उपचारको योजना बनाउन मद्दत पुग्नेछ। कहिलेकाहीँ कुनै गम्भिर समस्या भएको थाहा पाएमा, महिलाले गर्भ नराख्ने निर्णय पनि गर्नसक्छिन्।

## अर्लि प्रेगनन्सि स्क्यान र फिटल अनमलि स्क्यान गराउँदा के के बेफाइदाहरू हुन्छन्?

स्क्यान गराउँदा तपाईँलाई चिन्ता थपिनसक्छ, विशेष गरी कुनै समस्या भेटाएमा। यदि तपाईँ जन्मनुपूर्व आफ्नो शिशुको समस्याहरू थाहा पाउन चाहनुहुन्न भने, स्क्यान गराउने या नगराउने भनेर तपाईँले राम्रोसित विचार गर्नुपर्छ। तपाईँले आफ्नो समस्याहरू आफ्नो मिडवाइफसित छलफल गर्नुपर्छ।

# नतिजाहरू

## के मेरो नतिजा गोपनीय रहनेछ?

NHS ले सम्पूर्ण जाँचका नतिजाहरूलाई गोपनीय राख्दछ। तपाईँको जाँचको नतिजाहरू कतिजना मानिसहरूले हेर्न सक्छन भन्ने कुरा अस्पतालको नीतिअनुसार फरक पर्नसक्छ। तपाईँको मिडवाइफले तपाईँलाई स्थानीय व्यवस्थाबारे बताउन सक्नेछन्।

Information for Women

© Public Health Wales

## मेरो स्क्यानको नतिजा मैले कसरी पाउनसक्छु?

सोनोग्रफरले जाँचको अन्तमा तपाईँलाई स्क्यानको नतिजाबारे भन्नेछन्।

## के स्क्यान गर्दा मेरो साथीहरू वा परिवारका सदस्यहरूलाई ल्याउनसक्छु?

प्राय शिशुहरू स्वस्थ हुन्छन्, तर अनमलि स्क्यानले खराबीहरूको पत्ता लगाउनसक्ने हुनाले तपाईँलाई सहारा दिन तपाईँको पार्टनर वा कुनै अन्य व्यक्तिलाई बोलाउन सक्नुहुन्छ।

बच्चाहरूलाई एपोइन्टमेन्टको समयमा नल्याउनु नै राम्रो हुन्छ। उनीहरूले तपाईँ र सोनोग्रफरलाई स्क्यानको समयमा अल्मलाउन सक्छन्।

## के मैले शिशुको चित्र पाउनसक्छु?

कहिलेकाहीँ स्क्यान गर्दा लिएको चित्र किन्न पनि सम्भव हुन्छ। कृपया स्क्यान शुरु हुनुभन्दा पहिलानै यसो गर्न चाहेमा सोनोग्रफरलाई भन्नुहोस्।

# अर्लि प्रेगनन्सि अल्ट्रासाउन्ड स्क्यान

सामान्यतया 11 देखि 13 हप्ताको गर्भ हुने सबै महिलाहरूलाई स्क्यान गर्ने सल्लाह दिइन्छ।

## मेरो स्क्यान गर्न कति समय लाग्छ?

अर्लि प्रेगनन्सि अल्ट्रासाउन्ड स्क्यानमा 10 मिनटसम्म समय लाग्नेछ।

स्क्यान निम्न उद्देश्यले गरिन्छ:

- शिशुको हृदयगतीको जाँच गर्न;
- तपाईँको पेटमा एकभन्दा बढी शिशु भए सोबारे पत्ता लगाउन (जम्ल्याह वा तिम्ल्याह शिशु हुने महिलाहरूलाई अतिरिक्त प्रसवपूर्व सेवाको आवश्यकता पर्नेछ, र जमल्याह गर्भका सम्बन्धमा शिशुहरूले एउटै सालनाल प्रयोग गरेका छन या छैनन भनेर जान्न जरुरी पर्दछ);
- तपाईँको गर्भसम्बन्धी र जन्मने मितिको पत्ता लगाउन तपाईँको शिशुको आकार नाप्न (तपाईँ थप स्क्रीनिङ जाँचहरू गराउने विचार गर्नुहुँदैछ भने यो अझ महत्वपूर्ण हुन्छ); तथा

Information for Women
© Public Health Wales

- शिशुको विकासको जाँच गर्न (शिशुको विकास यो शुरुको अवस्थामा त्यति प्रष्ट हुँदैन, तर कहिलेकाहीँ गम्भिर समस्याहरूको पत्ता लगाउन सकिन्छ)।

## के मलाई अर्को अर्लि प्रेगनन्सि स्क्यानको जरुरत पर्छ?

कहिलेकाहीँ एब्डोमिनल ट्रान्सड्यूसरको प्रयोगद्वारा शिशुलाई प्रष्ट देखिन सकिदैन, तसर्थ सोनोग्रफरले तपाईँलाई आन्तरिक स्क्यान गराउने सल्लाह पनि दिनसक्नेछन्। यसलाई ट्रान्सभ्याजिनल स्क्यान भनिन्छ, र यसबाट बढी स्पष्ट चित्र प्राप्त हुनसक्छ। तपाईँले यो स्क्यान गराउनुभन्दा पहिला पिसाप गरेर मूत्राशय खाली गर्नुपर्छ। ट्याम्पून पसाए जस्तै गरी, एउटा सानो ट्रान्सड्यूसर योनिभित्र पसाइन्छ।

भ्याजिनल अल्ट्रासाउन्ड स्क्यान पीडादायक हुँदैन। सोनोग्रफरले स्क्यानबारे बुझाउनेछन् र यसका लागि तपाईँको सहमति लिनेछन्। तपाईँ आन्तरिक स्क्यान गराउन चाहनुहुँदैन भने, कृपया सोनोग्रफरलाई भन्नुहोस्। तपाईँलाई अर्को एब्डोमिनल स्क्यानको एपोइन्टमन्ट दिइनेछ।

# फिटल अनमलि अल्ट्रासाउन्ड स्क्यान

यो स्क्यान 18 देखि 20 हप्ताको गर्भावस्थामा गर्न लगाइन्छ।

## मेरो स्क्यान गर्न कति समय लाग्छ?

स्क्यानमा सामान्यतया 15 -20 मिनटसम्म समय लाग्नेछ।

स्क्यान निम्न उद्देश्यले गरिन्छ:

- शिशुको शारीरिक विकासको जाँच गर्न;
- स्पाइना विफिडा र अन्य न्यूरल ट्युब खराबीहरू जस्ता समस्याहरूको पत्ता लगाउन (अनमलि पनि भनिने);
- गर्भाशयमा शिशु वरिपरिको तरलको मात्रा जाँच गर्न; तथा
- सालनालको स्थितिको जाँच गर्न।

सोनोग्रफरसित तपाईँको शिशुमा हेर्नुपर्ने कुराहरूको सूची रहन्छ र उनले केहि नापहरू पनि लिनेछन्।

Information for Women

© Public Health Wales

## के मलाई अर्को फिटल अनमलि स्क्यानको जरुरत पर्छ?

सोनोग्रफरले तपाई पनि सहमत भएको सूचीअनुसार केहि खास स्थिति तथा बनावट जस्तै, स्पाइना विफिडाबारे हेर्नेछन्। सूचीमा भएको प्रत्येक कुराहरूको विचार गर्न सोनोग्रफर असमर्थ पनि हुनसक्छन्। कहिलेकाहीं तपाईंको स्क्यानको बेला सूचीमा भएको प्रत्येक कुराहरूको विचार गर्न असम्भव पनि हुन्छ। निम्न कारणहरूले यसो हुनसक्छ:

- जाँच गर्न मुश्किल पर्ने किसिमले तपाईँको शिशुको स्थिति भएको;
- स्क्यान गराउनका लागि तपाईँको गर्भअनुसार चाँडो भएको; तथा
- तपाईंको आफ्नो उचाइँअनुसार बढी वजन भएको जसले गर्दा चित्र स्पष्ट नभएर शिशुलाई हेर्न गाह्रो भएको।

यदि यसो हुन गएमा, सोनोग्रफरले सूची पूरा गर्न सकुन भनेर तपाईँलाई अर्को एउटा स्क्यानका लागि अर्को एपोइन्टमन्ट दिइनेछ। दोस्रो एपोइन्टमन्टमा पनि सोनोग्रफरका लागि सूची पूरा गर्न सदा सम्भव नहुन पनि सक्छ।

## स्क्यानद्वारा के के समस्याहरू पत्ता लाग्नसक्छ?

स्क्यानले शिशुको केहि समस्याहरू देखाउन सक्छ तर सबै होइन। तपाईँको शिशुको केहि समस्याहरू 20 हप्तापछि मात्र उत्पन्न हुन्छ र कतिवटा त अल्ट्रासाउन्डमा नदेखिनेपनि हुन्छ। यसैकारण, केहि थोरै संख्यामा, अल्ट्रासाउन्ड स्क्यानमा नदेखिएपनि शिशुहरूमा जन्मदै समस्याहरू हुनपनि सक्छ।

पृष्ठ 5 मा तपाईंको स्क्यानमा देख्न सकिने सबभन्दा प्रचलित समस्याहरूको एउटा सूची दिइएको छ। तपाईँको शिशुमा समस्या छ भने एउटा अनमलि स्क्यानद्वारा पत्ता लाग्ने सम्भावना कति रहन्छ भन्ने दाहिने तिरको महलमा देखाइएको छ। देख्न सकिने सबै खराबीहरूको समावेश यो सूचीमा गरिएको छैन।

Information for Women

© Public Health Wales

| समस्या | 18 देखि 20 हप्तामा अल्ट्रासाउन्ड अनमलि स्क्यानमा कुनै समस्या देखिने सम्भावना |
|---|---|
| मेरुदण्ड वा दिमागलाई ढाक्ने त्वचा अथवा हाडहरू राम्रोसित विकसित नभएको अवस्थामा **न्यूरल ट्युब खराबीहरू** हुने गर्दछ। दुइवटा मुख्य न्यूरल ट्युब खराबीहरू हुन्:<br><br>**एननसिफलि** (टाउकोको माथिल्लो भागको अनुपस्थिति)<br><br>**स्पाइना विफिडा** (मेरुदण्डलाई त्वचा अथवा हाडहरूद्वारा नढाकिएको) | **99%**<br><br>**90%** |
| **मुटुका प्रमुख समस्याहरू** | **25%** |
| **डायफ्रामाटिक हर्निय** (छाती र पेटलाई अलग गर्ने मांसपेशीको खराबी) | **60%** |

www.rcog.org.uk (16/12/09 मा हेरिएको) बाट

शिशुहरूका केहि समस्याहरू भने शिशुको विकसित हुने क्रममा असर गर्ने क्रोमोसमको समस्याहरूले गर्दा हुनसक्छ। यदि क्रोमोसमको समस्याहरूको आशंका गरिएमा, तपाईँलाई अमाइनोसिन्टसिस गर्न लगाइनसक्छ। यो जाँचबारे बढी जानकारी तपाईँले एउटा भिन्दै पर्चामा पाउन सक्नुहुनेछ।

अन्य निकै विरलै हुने अवस्थाहरूको एउटा फिटल अनमलि स्क्यानद्वारा पत्ता लगाउन सकिन्छ, जस्तै प्रमुख मृगौला तथा अंगहरूको समस्याहरू। केहि अवस्थाहरू, जस्तै शिशु विकसित हुने तरिकामा कुनै सानो समस्या, स्क्यान गरेको पछिबाट उत्पन्न हुने समस्याहरू, तथा सेरिब्रल पाल्जि र अटिज्म जस्ता समस्याहरूको पत्ता यस स्क्यानद्वारा लगाउन सकिदैन।



© Public Health Wales

## स्क्यान गर्दा कुनै समस्या भेटिएमा वा आशंका गरिएमा के हुनेछ ?

यदि सोनोग्रफरले कुनै समस्या भेटाएमा, उनीहरूले तपाईंलाई यसबारे भन्नेछन् र आफ्नो प्रसवपूर्व क्लिनिकमा तपाईंले मिडवाइफ वा चिकित्सकहरूसित यसबारे कुरा गर्न सक्नुहुनेछ।

केहि ससाना समस्याहरूमा तपाईंको गर्भावस्थाको पछिल्लो चरणमा केहि थप स्क्यानहरूको आवश्यकता मात्र पर्नेछ।

कहिलेकाहीँ सोनोग्रफरलाई समस्या के हो भनेर ठ्याक्क भन्न पहिलो पटकको अनमलि स्क्यानमा सम्भव नहुन पनि सक्छ। तपाईंलाई एउटा भिन्दै विभागमा तपाईंको शिशुलाई आशंका गरिएको समस्यासम्बन्धी जानकार विशेषज्ञद्वारा अर्को स्क्यान पनि गर्न लगाइन सक्छ।

## विस्तृत स्क्यान पछिको निदानात्मक जाँचहरू

तपाईंलाई अमाइनोसिन्टसिस जस्तो अर्को जाँच पनि गर्न लगाइनसक्छ। तपाईंलाई कुनैपनि जाँचबारे बढी जानकारी तपाईंको मिडवाइफ वा प्रसूति विशेषज्ञ (अस्पताल चिकित्सक) द्वारा दिइन्छ।

## कुनै निश्चित अव्यवस्था भेटिएमा के हुनेछ?

तपाईंको शिशुलाई जन्मपूर्व हुनसक्ने कुनै समस्याबारे पत्ता लगाउनाले तपाईं र तपाईंको पार्टनरलाई यसका लागि तयार रहनमा मद्दत गर्नसक्छ। तपाईंको शिशु कसरी, कहाँ र कहिले जन्मने छ भन्ने कुराको तयारी गर्नलाई पनि समस्याबारे जानकारीले मद्दत गर्न सक्नेछ। तपाईंको शिशुलाई आवश्यक पर्ने विशेष चिकित्सक र उपचार सुविधाहरू उपलब्ध हुने अर्कै अस्पतालमा तपाईंको शिशुको जन्म गराउन पर्ने पनि हुनसक्छ।

शिशु जन्मनुभन्दा पहिला केहि थोरै समस्याहरूको उपचार गर्न सकिन्छ।

यदि समस्या गम्भिर भएमा, तपाईंले गर्भ राख्ने या नराख्ने निर्णय पनि गर्न सक्नुहुनेछ। यी निर्णयहरू गर्न गाह्रो हुने भएकोले तपाईंलाई उचित निर्णय गर्नमा मद्दत गर्ने उद्देश्यले तपाईंलाई समय, जानकारी र सहयोग दिइनेछ।

Information for Women

© Public Health Wales

पेटको शिशुमा खराबी छ भन्ने कुराको पत्ता लाग्नु कष्टप्रद हुनेछ र के गर्नु भनेर निर्णय गर्नु मुश्किल पर्छ। धेरै महिलाहरूलाई सहयोगको आवश्यकता पर्छ। यो तपाईँको पार्टनर, साथीहरू, परिवार वा तपाईँको हेरचाह गर्ने स्वास्थ्य सेवा व्यावसायिद्वारा हुनसक्छ। यदि तपाईँले चाहेमा, तपाईँको पार्टनर वा कुनै मित्र एपोइन्टमन्टको समयमा अस्पतालमा तपाईँसितै आउनसक्छन्।

## बढी जानकारी

तपाईँले अल्ट्रासाउन्ड स्क्यानहरूबारे बढी जानकारीहरू तपाईँको मिडवाइफ वा अस्पतालको चिकित्सक (तपाईँको प्रसूति विशेषज्ञ), तपाईँको सोनोग्रफर तथा एन्टिन्याटल स्क्रीनिङ वेल्सको वेबसाइट www.antenatalscreening.org बाट पाउन सक्नुहुनेछ।

© प्रतिलिपिअधिकार 2010 पब्लिक हेल्थ वेल्स NHS ट्रस्ट। सर्वाधिकार सुरक्षित। प्रतिलिपिअधिकारको स्वामीको स्वीकृतिबिना पूर्ण रुपमा वा आंशिक रुपमा पनि यसको प्रतिलिपि बनाउन सकिनेछैन।
www.antenatalscreening.org
अप्रेल 2010
US 9 वौँ संस्करण

Information for Women

© Public Health Wales